## गैरआवासीय नेपाली संघ

## गैरआवासीय नेपाली विश्व सम्मेलन सञ्चालन सम्बन्धी नियमावली, २०२१

**अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित भएको मितिः**

सन् २०२१ जुलाई १७

**संशोधनः**

१. गैरआवासीय नेपाली संघ विश्व सम्मेलन सञ्चालन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०२३ - *सन् २०२३ जुलाई ९ को अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक*

**प्रस्तावनाः** गैरआवासीय नेपाली संघको विधान *.........................को दफा ११ मा उल्लेखित विश्व सम्मेलनलाई व्यवस्थित र मर्यादित बनाउनको लागि आवश्यक भएको हुँदा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ *......................... को दफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरुको नाम "गैरआवासीय नेपाली विश्व सम्मेलन सञ्चालन सम्बन्धी नियमावली, २०२१" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरेको मिति बाट लागू हुनेछ ।*यो नियमावलीमा कुनै संशोधन अन्तर्राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय बाट भएमा सोही मिति देखि यो नियमावलीमा भएको संशोधन लागू हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) "**विधान**" भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ *......................... लाई जनाउनेछ ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

(घ) "**अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय**" भन्नाले संघको अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई जनाउनेछ ।

(ङ) "**आयोजक**" समिति भन्नाले विश्व सम्मेलन आयोजक समितिलाई जनाउनेछ ।

(च) "**सचिवालय**" भन्नाले संघको काठमाण्डौ स्थित प्रशासनिक कार्यालय सम्झनु पर्छ ।

*(छ) "**विश्व सम्मेलन**" भन्नाले संघको विश्श्व सम्मेलनलाई सम्झनु पर्छ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।

३. **विश्व सम्मेलन सञ्चालन सम्बन्धी प्रक्रियाः**

(१) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विश्व सम्मेलन अन्तर्राष्ट्रिय महाधिवेशनको मितिसँगै मेल खाने गरी २ (दुई) वर्षमा एक पटक नेपाल भित्र आयोजना गर्ने छ ।

(२) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विश्व सम्मेलनको समय, स्थान र छलफलको सूची तोक्नेछ ।

(३) सम्मेलन नेपाल सरकार र *.................. संघको संयुक्त आयोजनामा सञ्चालन गरिनेछ ।

(४) सम्मेलन आयोजना गर्नको लागि माननीय परराष्ट्र मन्त्रीज्यूको अध्यक्षतामा एक उच्च स्तरिय आयोजक समिति गठन गरिनेछ ।

(५) सम्मेलनको सचिवालय सम्बन्धी सम्पूर्ण कार्य गैरआवासीय नेपाली संघ सचिवालयले गर्नेछ ।

(६) विश्व सम्मेलन आयोजनाका लागि संघले संघको अध्यक्षको संयोजकत्वमा एक आन्तरिक आयोजक समिति सम्मेलनको मिति भन्दा ३ (तीन) महिना पहिले गठन गर्नु पर्नेछ । आयोजक समितिका सदस्यहरुको चयन संयोजकले गर्नेछ । आयोजक समितिमा बढिमा ५१ जना भन्दा बढी सदस्य चयन गर्न पाइने छैन् ।

(७) सम्मेलनका कार्यलाई छिटो र सरल गर्नको लागि आयोजक समितिका संयोजकले उपाध्यक्षहरु मध्ये एक जनाको संयोजकत्वमा ७ (सात) जना सदस्यहरु भएको एक Steering Committee गठन गर्नु पर्नेछ ।

(८) आवश्यक्ता अनुसार अन्य उपसमितिहरुको गठन गरिने छ र ती गठन भएका उपसमितिहरुमा ११ (एघार) जना भन्दा बढि सदस्य चयन गर्न पाइने छैन । उपसमितिका सदस्यहरुको चयन उपसमितिका संयोजकहरुले गर्नु पर्नेछ ।

(९) विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशन र त्यस अवसरमा गरिने कार्यक्रमहरुको कार्य तालिका संघका महासचिवले अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका पदाधिकारीहरुसँग समन्वय गरि तयार गर्नु पर्नेछ ।

(१०) विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशनको कार्यक्रमको तालिका अन्तर्राष्ट्रिय समन्वय परिषद् बाट अनुमोदन गराइ सम्मेलन हुनु भन्दा ठिक १५ (पन्ध्र) दिन अगाडी संघको वेभसाइटमा प्रकाशित गर्नु पर्नेछ ।

(११) संघका कोषाध्यक्षले विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशन र त्यस अवसरमा आयोजना गरिने कार्यक्रमहरुको अनुमानित आयब्ययको स्वीकृत बजेट सम्मेलन भन्दा १ (एक) महिना अगाडी आयोजक समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(१२) गठन भएका प्रत्येक उपसिमितिहरुका संयोजकले आ-आफ्ना उपसमितिले गरेका कार्यहरुको प्रतिवेदन Steering Committee का संयोजकलाई सम्मेलन हुनु भन्दा एक हप्ता भित्र बुझाउनु पर्नेछ ।

(१३) विश्व सम्मेलनको अध्यक्षता संघको तत्कालिन अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षहरु मध्ये एक उपाध्यक्षले गर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अध्यक्षता गर्ने उपाध्यक्षको चयन गर्नेछ । अध्यक्ष वा उपाध्यक्षको अनुपस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले चयन गरेको व्यक्तिले गर्नेछ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको ।

(१४) विश्व सम्मेलन भौतिक तथा अनलाईन माध्यमबाट आयोजना गर्न सकिने छ ।

४. **<u>नाम दर्ता तथा सहभागीताः</u>**

(१) गैरआवासीय नेपाली संघको विश्व सम्मेलनमा आमन्त्रीत नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ, विभिन्न राजनैतिक दलका नेताहरु, कूटनीतिक नियोगका प्रमुखहरु, नीजि क्षेत्रका उद्योगी तथा व्यवसायीहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संघ संस्थाका प्रमुखहरु, बुद्धिजीविहरु, संचारकर्मीहरुका साथै गैर आवासीय नेपालीहरुको सहभागीता रहनेछ ।

(२) विश्व सम्मेलनमा सहभागीताका लागि इच्छुक नेपाली तथा गैर आवासीय नेपालीहरुले संघले तोकेको दर्ता शुल्क बुझाइ आफ्नो नाम दर्ता गर्न सक्नेछ ।

(३) नाम दर्ता गराएका प्रतिनिधिहरुले सम्मेलन सम्बन्धी प्रकाशन र सामग्रीहरु पाउनुका साथै संघले आयोजना गर्ने दिवा र रात्री भोजमा सहभागी हुन पाउने छन् ।

(४) सम्मेलनमा मतदान सहितका अधिकार भएका प्रतिनिधिहरुले आफ्नो नाम दर्ता संघको MIS प्रणाली गर्नु पर्नेछ । अन्य सहभागीहरुको हकमा सम्मेलन मिति भन्दा कम्तिमा एक दिन अगाडी सचिवालयमा आएर तोकेको शुल्क तिरि नाम दर्ता गराउनु पर्नेछ ।

५. **<u>साझेदारीः</u>**

(१) सम्मेलनले विदेशमा विभिन्न मुलकहरुमा रहेका गैरआवासीय नेपाली समुदाय माझ आफ्नो सोंच र व्यवसाय प्रवर्द्धन गर्न इच्छुक प्रतिष्ठान तथा व्यक्तिहरुलाई सम्मेलनको साझेदार (Partner/Sponsor) अवसर प्रदान गर्न सक्ने छ ।

(२) सम्मेलनमा Platinum, Gold तथा Silver प्रायोजक हुनुको अतिरिक्त दिवा भोज, रात्री भोज लगायतका विभिन्न इभेण्ट प्रायोजन गरेर आफ्नो साझेदारी देखाउन सकिने छ । साझेदारीको विस्तृत विवरण संघको वेभसाइट www.nrna.org बाट प्राप्तगर्न सकिने छ ।

६. **<u>सचिवालय सम्बन्धी कार्यः</u>**

(१) सचिवालय सम्बन्धी कार्य गर्नको लागि सचिवालयले आवश्यक कर्मचारीहरु तोकिएको समयको लागि नियुक्त गर्नेछ । तिनीहरुको पारश्रमिक सचिवालयले तोक्नेछ ।

(२) कामको प्रकृति हेरी Event Management सम्बन्धी कार्यको लागि बाहिर बाट एक कम्पनी चयन गर्न सकिनेछ ।

(३) संघको विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय सम्मेलनमा खटिएका कर्मचारीहरुलाई सम्मेलनका दौरान बढी काम गरेवापत विशेष भत्ता तथा अतिरिक्त समय भत्ता उपलब्ध गराउनु पर्नेछ ।

(४) संघको विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशनमा कार्यरत कर्मचारीहरुलाई खाजाको व्यवस्था गराउनु पर्नेछ । कर्माचारीहरुलाई विहान देखी बेलुका अबेर सम्म कार्य गर्न लगाए वापत खानाको व्यवस्था सचिवालयले गर्नु पर्नेछ ।

(५) सचिवालयले सम्मेलनका समयमा आयोजना गरिने हरेक गतिविधिहरुको प्रतिवेदन वा विवरण तयार गर्नको लागि संचार सम्बन्धी कार्य गर्ने वा पेशागत संस्था वा व्यक्तिलाई सम्झौता पत्रमा हस्ताक्षर गरी चयन गर्न सक्नेछ ।

७. **<u>बाधा अड्काउ फुकाउः</u>**

यस विनियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विधानसँग नबाझिने गरी फुकाउन सक्नेछ ।

*७(क) **विनियम वा निर्देशिका वा परिपत्र बनाउन सक्नेः**

(१) विधानको उद्देश्य कार्यान्वयन गर्नका लागि विधान तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले आवश्यक विनियम वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) यस नियमावलीको कार्यान्वयनको सहजताका लागि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले विभिन्न परिपत्र जारी गर्न सक्नेछ ।

८. **यसै नियमावली बमोजिम हुनेः**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

९. **खरेजी र बचाउः**

(१) गैरआवासीय नेपाली विश्व सम्मेलन सञ्चालन सम्बन्धी नियमावली २०२१ खारेज गरिएको छ ।

(२) गैरआवासीय नेपाली विश्व सम्मेलन सञ्चालन सम्बन्धी नियमावली २०२१ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

* पहिलो संशोधनद्वारा थप ।